बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९
Insurance Board-1992

परिपत्र नं ७

बी.स.५०(२०७६/७७) च.नं.२३३० मिति: २०७६/०८/२२

श्री इजाजतपत्र प्राप्त सम्पुर्ण बीमा कम्पनीहरु

विषय : **नेपाल भ्रमण बर्ष, २०२० को प्रवर्द्धन सम्बन्धमा ।**

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७६/०८/०८ को प.सं. वि.क्षे.व्य.सं.स.(२०७६/०७७)च.नं.३११ तथा नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७६/०८/०६ को प.सं. (२०७६/०७७)च.न.१५४ को पत्रानुसार नेपाल भ्रमण बर्ष,२०२० अभियानलाई सफलतापूर्वक संचालन गराउन निर्णय भई आएको हुँदा समितिको मिति २०७६/०८/१८ को निर्णय अनुसार बमोजिम गर्नुहुन निर्णयानुसार जानकारी गराइन्छ ।

१. वेबसाईट लगायतका अन्य आधिकारिक सामाजिक सञ्जालहरुमा नेपाल भ्रमण वर्षको लोगो राख्ने तथा नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयको वेवसाइट लिंक गर्ने, पत्राचारमा अनिवार्य रुपमा नेपाल भ्रमण वर्षको लोगो राख्ने र प्रकाशित हुने बुलेटिन लगायत प्रकाशनमा नेपाल भ्रमण बर्ष सम्बन्धी लेख रचना र प्रचार सामाग्री समेत समावेश गर्ने ।

२. विदेशमा भ्रमण गर्दा तथा प्रतिनिधित्व हुँदा अनिवार्य रुपमा नेपाल भ्रमण वर्ष, २०२० को जानकारी दिने तथा वक्तव्य दिनुपर्दा यसको उल्लेख गरी नेपाल भ्रमण गर्न अनुरोध गर्ने ।

३. नेपालमा हुने अन्तराष्ट्रियस्तरका कार्यक्रममा अनिवार्य रुपमा नेपाल भ्रमण वर्षको प्रवर्द्धन डेस्क राखि प्रचार समाग्री एवं उपहार दिने व्यवस्था नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयसँग समन्वय गरी गर्ने । अन्तराष्ट्रिय स्तरको गोष्ठि, सभा, सम्मेलन जस्ता कार्यक्रमहरु नेपालमा गर्न प्रोत्साहन गर्ने ।

४. नेपालमा पर्यटकको आगमन बढी हुने प्रमुख पर्यटकीय गन्तव्यमा नेपाल पर्यटन बोर्ड र नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयसँग समन्वय गरी सामाजिक व्यवसायिक उत्तरदायित्व (CSR) बाट पर्यटकलाई सहज हुने किसिमका शौचालय, डस्टबिन, पिउने पानी, विश्रामस्थल जस्ता पूर्वाधार बनाउन उत्प्रेरित गर्ने ।

५. नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयसँग समन्वय गरी सवारी साधनमा नेपाल भ्रमण बर्ष, २०२० को लोगो टाँस्ने व्यवस्था गर्ने ।

६. नेपाल भ्रमण वर्ष, २०२० को प्रचार प्रसार सामाग्रीहरु नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयबाट प्राप्त गरी यस अवधिमा उत्पादन हुने सामाग्रीहरुमा समावेश गर्ने । साथै, नेपाल भ्रमण वर्प २०२० को प्रचार प्रसारको लागि नियमानुसार आवश्यक प्रायोजन समेत गर्ने ।

७. कर्मचारीहरुलाई नियमानुसार बार्षिक रुपमा उपलब्ध गराउने बिदा पर्यटन कायक्रममा नेपालको आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने गरी सन् २०२० मा नेपालमा मात्र भ्रमण गर्न प्रोत्साहन गर्ने । नेपालमा पनि नयाँ तथा दुर्गम स्थानमा रहेका पर्यटकीय स्थलहरुको भ्रमणलाई विशेष महत्व तथा प्रोत्साहन गर्ने ।

८. सन् २०२० को जनवरी १ मा काठमाण्डौ तथा सबै प्रदेशका राजधानीमा हुने नेपाल भ्रमण वर्षको उद्घाटन कार्यक्रममा कर्मचारीहरुको अनिवार्य सहभागिता सहित अन्य सहयोग तथा प्रवर्द्धन गर्ने ।

(राजुरमण पौडेल)
कार्यकारी निर्देशक

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np